अपिहिमाल गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : ०६ संख्या : १४ मिति : २०७९/१२/२९

भाग - २

**अपिहिमाल गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**खण्डेश्वरी, दार्चुला**

---

नेपालको संविधान बमोजिम अपिहिमाल गाउँपालिकाको गाउँ कार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## अपिहिमाल गाउँपालिकाको शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०७९

गाउँ कार्यपालिकाबाट स्वीकृत मिति
२०७९/१२/२८

**प्रस्तावना**: अपिहिमाल गाउँपालिकाभित्र रहेका सबै सामुदायिक विद्यालयहरूमा रहेको शिक्षक र विद्यार्थी सङ्ख्याको अनुपात बमोजिम शिक्षक दरबन्दी मिलान गरी विद्यालयहरूको पठनपाठनलाई प्रभावकारी तथा व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११(ज), अपिहिमाल गाउँपालिका स्थानीय शिक्षा ऐन, २०७७ को दफा ४९(२) ले दिएको अधिकार बमोजिम यो कार्यविधि बनाई जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०७९" रहेको छ।

(२) यो कार्यविधि गाउँपालिकाको राजपत्रमा प्रकाशन भएको मितिबाट प्रारम्भ हुनेछ

२. **परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;**

(क) “अभिभावक” भन्नाले विद्यालयमा आफ्ना बालबालिका भर्ना गराई नियमित रुपमा अध्ययन गर्ने कार्यमा सहभागी गराएका तथा शिक्षा नियमावली अनुसार पालनपोषण गर्ने व्यक्तिलाई सम्झनुपर्छ।

(ख) “आधारभूत तह” भन्नाले विद्यालयको प्रारम्भिक बालविकास शिक्षा देखि कक्षा ८ सम्मको शैक्षिक संरचनालाई सम्झनुपर्छ।

(ग) “ऐन” भन्नाले अपिहिमाल गाउँपालिका स्थानीय शिक्षा ऐन, २०७७ लाई सम्झनुपर्छ।

(घ) “कर्मचारी” भन्नाले शिक्षा विकास तथा समन्वय इकाइ वा गाउँपालिकाबाट प्राप्त अनुदान वा विद्यालयले आफ्नो आवश्यकता अनुसार दरबन्दी सिर्जना गरी कार्यरत लेखापाल, कार्यालय सहायक, कार्यालय सहयोगी, लाई सम्झनुपर्छ।

(ङ) “कार्यपालिका” भन्नाले अपिहिमाल गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनुपर्छ।

(च) “दरबन्दी” भन्नाले सामुदायिक विद्यालयमा नेपाल सरकारबाट प्राप्त भएको स्वीकृत दरबन्दी सम्झनुपर्छ र सो शब्दले महिला शिक्षा परियोजनाको शिक्षक दरबन्दी तथा नियमित राहत अनुदान समेतलाई जनाउँछ ।

(छ) “गाउँपालिका” भन्नाले अपिहिमाल गाउँपालिका, दार्चुलालाई सम्झनुपर्छ।

(ज) “गाउँ शिक्षा समिति” भन्नाले अपिहिमाल गाउँपालिकाको गाउँ शिक्षा समितिलाई सम्झनुपर्छ।

(झ) “प्रधानाध्यापक” भन्नाले सामुदायिक विद्यालयको प्रधानाध्यापक वा प्रधानाध्यापकको कामकाज गर्न जिम्मेवारी लिएको शिक्षकलाई सम्झनुपर्छ।

(ञ) “बालविकास”भन्नाले सम्बन्धित निकायबाट अनुमति र कोटा प्राप्त गरी ३ देखि ४ वर्ष उमेर समूहका बालबालिकाहरूको शिक्षा र विकासका लागि सञ्चालन भएको कक्षा सम्झनुपर्छ।

(ट) “बालविकास शिक्षक” भन्नाले बालबिकास केन्द्र वा कक्षाको राहत दरबन्दीमा नियमित अनुदान पाउने गरी नियमानुसार नियुक्ति लिइ कार्यरत शिक्षकलाई सम्झनुपर्छ।

(ठ) “माध्यमिक तह” भन्नाले विद्यालयको कक्षा ९ देखि कक्षा १२ सम्मको शैक्षिक संरचनालाई सम्झनुपर्छ।

(ड) “व्यवस्थापन समिति” भन्नाले विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्न नियमानुसार गठन भएको विद्यालय व्यवस्थापन समितिलाई सम्झनुपर्छ।

(ढ) “शिक्षक” भन्नाले विद्यालयमा पठनपाठन गराउने अध्यापक सम्झनुपर्छ एवम् सो शब्दले प्रधानाध्यापक र बालविकास शिक्षक समेतलाई जनाउँछ।

अपिहिमाल गाउँपालिका

(ण) "सम्बन्धित निकाय" भन्नाले गाउँपालिका, शिक्षा विकास तथा समन्व इकाई, शिक्षा विकास निर्देशनालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई सम्झनुपर्छ।

(त) "स्थानान्तरण" भन्नाले गाउँपालिका भित्रका सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरूलाई दरबन्दी मिलान तथा व्यवस्थापनका क्रममा कार्यरत विद्यालयबाट गाउँपालिकाभित्रको अन्य विद्यालयमा दरबन्दी सहित कामकाज गर्न खटाइएको सम्झनुपर्छ।

(थ) "सामुदायिक विद्यालय" भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफा रहित प्रकृतिको नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालयलाई सम्झनुपर्छ।

३. **<u>अद्यावधिक गर्नु पर्ने</u>** : प्रत्येक विद्यालयले अध्ययनरत कक्षागत विद्यार्थी,कार्यरत शिक्षक तथा कर्मचारीहरूको वर्गीकृत तथ्याङ्क सहितको विवरण अद्यावधिक गर्नुपर्नेछ। विवरण अद्यावधिक गर्दा चालू शैक्षिक सत्र एवम पछिल्लो शैक्षिक सत्रको अन्तिम वार्षिक परीक्षामा सम्मिलित कक्षागत विद्यार्थी सङ्ख्या र विद्यालयमा स्वीकृत दरबन्दी तथा राहत दरबन्दी लगायत सरकारी अनुदानबाट तलब खानेगरी शिक्षक छनौट प्रक्रिया पुरा गरी नियुक्त कार्यरत स्थायी, अस्थायी र राहत शिक्षक तथा बालविकास शिक्षक एवम् कर्मचारीहरूको विवरण अद्यावधिक गरी IEMIS मा अपलोड तथा गाउँपालिकालाई उपलब्ध गराउनु पर्नेछ।

४. **<u>शिक्षक विद्यार्थी अनुपात</u>** : सामान्यतया गाउँपालिकाले बालविकास कक्षाबाहेक विद्यालयगत शिक्षक विद्यार्थी अनुपात गणना गर्दा १५ (पन्ध्र) जना विद्यार्थी बराबर एक जना शिक्षक अर्थात् १:१५ मानी गर्नु पर्नेछ।

५. **<u>शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापनका आधार र प्रक्रिया</u>** : शिक्षक दरवन्दी मिलान तथा व्यवस्थापनका आधार र प्रक्रिय देहाय बमोजिम हुनेछन ।

(क) शैक्षिक सत्र २०७९ को IEMIS/Flash I, विद्यार्थी भर्ना अभिलेख र विद्यालयको स्थलगत अनुगमनमा देखिएको विद्यार्थी उपस्तिथिलाई मुख्य आधार बनाईनेछ।

(ख) विद्यालयमा स्वीकृत दरबन्दीमा कार्यरत स्थायी/अस्थायी, राहत,बालविकास शिक्षक, शिक्षण सिकाइ सहयोग अनुदान कोटा र गाउँपालिकाको शिक्षक अनुदान कोटामा कार्यरत तहगत शिक्षकको सङ्ख्यालाई आधार लिईनेछ।

(ग) दरबन्दी मिलनको क्रममा बढी हुन आई कटौती गर्नुपर्ने दरबन्दीलाई गाउँपालिकाको पुल दरबन्दीमा राखी शिक्षक विद्यार्थी अनुपातका आधारमा अन्य विद्यालयमा खटाउँदा सबैभन्दा बढी विद्यार्थी भएका र हाल शून्य वा न्यूनतम दरबन्दी भएका विद्यालयहरूमा प्राथमिकता क्रममा तह अनुसार शिक्षकको स्थानान्तरण गरिनेछ ।

(घ) यसरी शिक्षक व्यवस्थापन गर्दा भरसक माथिल्लो शैक्षिक योग्यता भएका शिक्षकलाई माथिल्लो तहमा शिक्षक कमी भएका विद्यालयहरूमा क्रमशः स्थानान्तरण गरिनेछ।

(ङ) सम्बन्धित तहको दरबन्दी उपलब्ध गराउन नसक्ने अवस्थामा तल्लो तहको माथिल्लो शैक्षिक योग्यता भएका शिक्षकहरूबाट कक्षा सञ्चालनको व्यवस्था मिलाई तत्कालको शिक्षक अभाव सम्बोधन गरिनेछ।

(च) शिक्षक दरबन्दी मिलान तथाव्यवस्थापन गर्दा सकेसम्म विषयगत समस्या कम हुने गरी मिलान गरिनेछ।

(छ) तोकिएको शिक्षक विद्यार्थी अनुपातका आधारमा विद्यार्थी सङ्ख्या कम र शिक्षक सङ्ख्या बढी भै दरबन्दी कटौतीमा परेका र यस अघि रिक्त भएका एवम् तत्काल रिक्त हुन आउने कुनै पनि तह र प्रकारको शिक्षक दरबन्दीमा पदपूर्ति एवम् सरुवा सहमति दिइने छैन र उक्त दरबन्दीलाई गाउँपालिकाको पुल दरबन्दीमा राखी दरबन्दी मिलान पश्चात थप गर्नुपर्ने विद्यालयमा मिलान तथा स्थानान्तरण गरिनेछ।

(ज) सामुदायिक विद्यालयहरूमा दरबन्दी मिलान तथा व्यवस्थापन कार्य सम्पन्न भए पश्चात मात्र रिक्त दरबन्दीहरूमा गाउँ शिक्षा समितिको निर्णयानुसार शिक्षक सरुवा तथा पदपूर्तिको व्यवस्था गरिनेछ।

(झ) महिला तथा अपाङ्गता भएका शिक्षकहरूलाई सकभर घरपायक पर्नेगरी स्थानान्तरण गरिनेछ।

(ञ) आधारभूत तह (कक्षा ६-८) र माध्यमिक तह (कक्षा ९-१०) सञ्चालन भएको विद्यालयमा न्यूनतम दरबन्दी नभएको अवस्थामा दरबन्दी थप गर्नुपर्ने भएमा प्राथमिक तहको पुल दरबन्दीबाट तत्कालका लागि माथिल्लो योग्यता भएका र तालिमप्राप्त शिक्षकको स्थानान्तरण गर्न सकिनेछ ।

(ट) शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन विद्यालयमा जनशक्तिको सङ्ख्यात्मक र विषयगत मिलान समेत भएकाले सामान्यतया शिक्षा ऐन २०२८(संशोधन सहित) तथा शिक्षा नियमावली २०५९ (संशोधन सहित) को अनुसूचीमा उल्लेखित तहगत र विषयगत दरबन्दी मिलानमा प्रभाव पर्ने गरी विषय परिवर्तन गरिने छैन।

(ठ) कुनै विद्यालयमा शिक्षा ऐन २०२८(संशोधन सहित) तथा शिक्षा नियमावली २०५९ (संशोधन सहित) को अनुसूचीमा उल्लेखित तहगत र विषयगत दरबन्दीमा एउटै विषयको शिक्षक दरबन्दी एकभन्दा बढी भएमा अनिवार्य विषयहरूको प्राथमिकता क्रममा विषयगत मिलान हुनेगरी दरबन्दी सिर्जना, मिलान र पदपूर्ति गरिनेछ।

(ड) कुनै विद्यालयको दरबन्दी कट्टा गरी स्थानान्तरण गर्नु पर्ने भएमा क्रमशः हाल रिक्त रहेको दरबन्दी,करार, राहत, अस्थायी र स्थायीको स्थानान्तरण माग र कनिष्ठताका आधारमा गरिनेछ ।

(ढ) कुनै विद्यालयमा अध्ययनरत विद्यार्थी सङ्ख्या उच्च,विद्यमान शिक्षक दरबन्दी न्यून र माथिल्लो तह सञ्चालित भएमा शिक्षक दरबन्दी थप गरिनेछ ।

(ण) दरबन्दी मिलान गर्दा बढी हुन आउने शिक्षक दरबन्दीलाई गाउँपालिकाको पुल दरबन्दीमा राखी विद्यार्थी सङ्ख्या उच्च र शिक्षक दरबन्दी न्यून भएका विद्यालयहरूमा काजमा खटाइनेछ ।

(त) आन्तरिक सरुवाका लागि प्राप्त निबेदनहरू मध्ये माग तथा हाल बसोबास रहेको स्थानका आधारमा शिक्षकहरूलाई जेष्ठताका आधारमा काजमा खटाइने वा स्थानान्तरण तथा पदस्थापन गरिनेछ । तर यस प्रक्रियामा अपाङ्गता भएका र महिलाहरूलाई प्राथमिकता दिइनेछ ।

(थ) पारस्परिक सरुवाको लागि विद्यालय व्यवस्थापन समितिको सहमतिमा काज सरुवा गर्न सकिने छ ।

(प) यस गाउँपालिका भित्रका विद्यालयमा कार्यरत अस्थायी, करार, राहत, बालविकास तथा स्थायी शिक्षकहरूलाई आवश्यकताका आधारमा गाउँ शिक्षा समितिको निर्णय अनुसार काज सरुवा र स्थानान्तरण गर्न सकिनेछ ।

६. <u>शिक्षक दरबन्दी कायम, मिलान तथा स्थानान्तरणका मुख्य आधारहरू</u> : शिक्षक दरवन्दी कायम, मिलान तथा स्थान्तरणका आधारहरु देहाय बमोजिम हुनेछन ।

**(क) कक्षा १-३ सञ्चालित सामुदायिक विद्यालयको सम्बन्धमा**

(१) कक्षा १-३ मा न्यूनतम विद्याथी सङ्ख्या १५(पन्ध्र) जना भए १ ओटा दरबन्दी कायम गर्ने ।

(२) कक्षा १-३ मा विद्यार्थीसङ्ख्या १६(एकतीस)देखि ३०(साठी) जनासम्म भएमा २ दरबन्दी कायम गर्ने ।

(३) कक्षा १-३ मा विद्यार्थी सङ्ख्या ३०(तिस) जना वा सोभन्दा बढी भएमा र हाल ३ दरबन्दी भएकोमा यथावत ३ दरबन्दी कायम गर्ने तर दरबन्दी थप गर्नु पर्ने भएमा विद्यार्थी सङ्ख्या ६० (साठि) जना नपुगेसम्म दरबन्दी थप नगर्ने ।

(४) कक्षा १-३ मा विद्यार्थी सङ्ख्या १०० (एकसय) भन्दा बढी भए शिक्षक विद्यार्थी अनुपात १:२५ कायम गर्ने ।

(५) कक्षा १-३ माविद्यार्थी सङ्ख्या १५(पन्ध्र) भन्दा कम भएमा नजिकको विद्यालयमा समायोजन गर्ने ।

**(ख) कक्षा १-५ सञ्चालित सामुदायिक विद्यालयको सम्बन्धमा**

(१) कक्षा १-५ मा विद्यार्थी सङ्ख्या न्यूनतम ४५(पचास)जनासम्म भएमा न्यूनतम ३ दरबन्दी कायम गर्ने ।

(२) कक्षा १-५ मा विद्यार्थी सङ्ख्या ४६(एकाउन्न) देखि ७५ (एक सय)सम्म भएमा ४ दरबन्दी कायम गर्ने ।

(३) कक्षा १-५ मा विद्यार्थी सङ्ख्या७६(एकसय एक) देखि १००(एकसय पचास) सम्म भएकोमा हाल ५ दरबन्दी रहेको भए ५ दरबन्दी कायम गर्ने ।

(४) कक्षा १-५ मा विद्यार्थी सङ्ख्या १०१ (एक सय एक ) नपुगेसम्म दरबन्दी थप नगर्ने र सोभन्दा बढी भएमा ३०(तिस) विद्यार्थी बराबर १ शिक्षकको अनुपातमा दरबन्दी कायम गर्ने ।

(५) कक्षा १-५ मा विद्यार्थी सङ्ख्या १५(पन्ध्र) भन्दा कम भएमा क्रमशः माथिल्लो कक्षाहरू घटाई नजिकको विद्यालयमा समायोजन गर्ने ।

**(ग) कक्षा १-८ सञ्चालित सामुदायिक विद्यालयको सम्बन्धमा**

(१) कक्षा ६-८ मा विद्यार्थी सङ्ख्या न्यूनतम १५ (पन्ध्र) देखि ४५ (पैचालिस) सम्म भएमा ३ दरबन्दी (अंग्रेजी,गणित/विज्ञान, नेपाली) कायम गर्ने ।

(२) कक्षा ६-८ मा विद्यार्थी सङ्ख्या ४६(एकसय एक) देखि ६०(एकसय पचास)सम्म भएमा ४ दरबन्दी (अंग्रेजी, गणित/ विज्ञान, नेपाली, सामाजिक अध्ययन) कायम गर्ने ।

(३) कक्षा ६-८ मा विद्यार्थी सङ्ख्या ६१ (एकसय पचास)भन्दा बढी भएमा २० जना विद्यार्थी बराबर १ शिक्षकको अनुपातमा दरबन्दी थप कायम गर्ने ।

(४) कक्षा ६-८ मा विद्यार्थी सङ्ख्या २५ (पच्चिस) भन्दा कम भएमा तह घटाई घटेको कक्षा नजिकको विद्यालयमा समायोजन गर्ने ।

**(घ)कक्षा १-१० सञ्चालित सामुदायिक विद्यालयको सम्बन्धमा**

(१) तह अनुसार न्यूनतम विद्यार्थी सङ्ख्या भएमा शिक्षा नियमावली २०५९ (संशोधन सहित) को अनुसूचीमा उल्लेखित न्यूनतम प्राथमिक तहमा ३, आधारभूत तह (कक्षा ६-८) मा ४ र माध्यामिक तहमा ५ (अंग्रेजी,गणित, विज्ञान, नेपाली, सामाजिक अध्ययन) दरबन्दी कायम गर्ने ।

(२) तहगत रुपमा दरबन्दी थपघट गर्नुपर्दा माथि उल्लेखित आधार अनुसार गर्ने ।

(३) माध्यामिक तह (९-१०) मा विद्यार्थीसङ्ख्या १००(सय) भन्दाबढी भएमा २५ (पच्चिस) जना विद्यार्थी बराबर १ शिक्षकको अनुपातमा दरबन्दी कायम. गर्ने ।

**(ङ) माध्यामिक तहको कक्षा ११-१२ सञ्चालित सामुदायिक विद्यालयको सम्बन्धमा**

(१) माध्यमिक तह (११-१२) का लागि शिक्षक दरबन्दी मिलान तथा समायोजन प्राप्त हुने दरबन्दी र निर्देशिकाको आधारमा गर्ने ।

**(च)प्रारम्भिक बालविकास कक्षा र शिक्षक सम्बन्धमा**

(१) हाल प्रारम्भिक बालविकास शिक्षक दरबन्दी नभएको तर बालविकास कक्षा सञ्चालन गरिरहेको विद्यालयलाई न्यूनतम १ कोटा प्रदान गर्ने ।

(२) प्रारम्भिक बालविकास कक्षामा १५ जना बालबालिका बराबर १ बालविकास शिक्षक दरबन्दी कायम गर्ने र ३१जनाभन्दा बढी बालबालिका भएको अवस्थामा विद्यालयमा हाल २ दरबन्दी रहेको भए २ दरबन्दी नै कायम गर्ने ।

(३) कुनै विद्यालयले आफ्नै स्रोतमा नर्सरी, एल.के.जी., यू.के.जी. अँग्रेजी माध्यममा सञ्चालन गरेको छ भने थप कोटा प्रदान नगर्ने तर उक्त कक्षाका विद्यार्थी सङ्ख्या बालविकास कक्षामा गणना गर्ने ।

(४) प्रारम्भिक बालविकास शिक्षकको दरबन्दी मिलान गर्दा बालविकास शिक्षकलाई सकेसम्म निजको घर नजिकको विद्यालयमा स्थानान्तरण गर्ने ।

**७. दरबन्दी मिलान कार्य गर्नको लागि देहाय बमोजिमका प्रकृया अवलम्बन गर्नु पर्नेछः**

(क) गाउँ शिक्षा समितिले शिक्षा,युवा तथा खेलकुद शाखाका शाखा अधिकृतको संयोजकत्वमा सामुदायिक माध्यमिक विद्यालय रआधारभूत विद्यालयका प्रधानाध्यापक, गाउँ शिक्षा समिति र शिक्षक महासँघको प्रतिनिधित्व हुने गरी ५ (पाँच) सदस्यीय एक कार्यदल गठन गर्नेछ।

(ख) कार्यदलले प्रत्येक विद्यालयमा अध्ययनरत विद्यार्थी र कार्यरत शिक्षक सङ्ख्या लगायतका सबै क्षेत्रको अध्ययन तथा छलफल गरी विद्यमान शिक्षक दरबन्दीको आधारमा सामुदायिक विद्यालयहरूमा दरबन्दी मिलान र व्यवस्थापनका लागि दरबन्दी कायम, कटौती र थप हुने विद्यालयहरूको विवरण सहित गाउँ शिक्षा समितिमा सिफारिस सहितको प्रतिवेदन पेश गर्नेछ।

(ग) कार्यदलको सिफारिससहितको प्रतिवेदनको आधारमा गाउँ शिक्षा समितिबाट निर्णय भए बमोजिम शिक्षा,युवा तथा खेलकुद शाखाले दरबन्दी मिलानको प्रक्रिया अगाडि बढाउनेछ ।

(घ) शाखाले दरबन्दी मिलानका क्रममा कटौती वा थप भएको विद्यालयलाई सात दिनभित्र दरबन्दी कटौती वा थप भएको जानकारी गराउनेछ ।

(ङ) शाखाले विशेष परिस्थिति बाहेक निर्णय भएको मितिले १ (एक) महिनाभित्र दरबन्दी मिलानको कार्य सम्पन्न गरी सम्बन्धित निकायहरूलाई जानकारी गराउनेछ ।

(च) विद्यालयहरूले दरबन्दी मिलानको क्रममा शिक्षा,युवा तथा खेलकुद शाखाबाट स्थानान्तरण गरिएका शिक्षकलाई कुनै पनि बहानामा रमाना नदिएमा वा हाजिर नगराएमा सम्बन्धित विद्यालयको तलब भत्ता रोक्का गरिनेछ।

८. **<u>थप शिक्षक दरबन्दी प्राप्त भएमा देहाय बमोजिम कार्यान्वयन गरिनेछ</u>** :

(क) शिक्षा,युवा तथा खेलकुद शाखाले शिक्षा समितिको निर्णयका आधारमा सम्बन्धित निकायसँग दरबन्दीको माग गर्नेछ ।

(ख) संघीय सरकार तथा प्रदेश सरकारबाट दरबन्दी प्राप्त भएमा जुन तह र किसिमको दरबन्दी प्राप्त भएको हो सोको लागि गाउँ शिक्षा समितिले प्राथमिकताको आधारमा विद्यालय छनौट गरी वितरण गर्नेछ ।

९. **<u>गाउँपालिकाबाट शिक्षक सहयोग अनुदान कोटा देहाय बमोजिम थप हुनेछ</u>** :

(क) शिक्षा,युवा तथा खेलकुद शाखाले समितिको निर्णयअनुसार शिक्षक सङ्ख्याको कमीलाई सम्बोधन गर्न कार्यपालिका बैठकमा आवश्यकतानुसार स्वयम सेवक शिक्षक दरबन्दी माग गर्नेछ ।

(ख) गाउँपालिकाले स्वयमसेवक दरबन्दी निर्धारण गरी आवश्यक बजेटको व्यवस्था गर्न सक्नेछ। स्वीकृत दरबन्दी र बजेटका आधारमा गाउँ शिक्षा समितिले विद्यालय छनौट गरी नियुक्ति गर्ने प्रक्रिया अगाडी बढाउनेछ ।

१०. **<u>स्थानान्तरण भएको स्थानमा जानुपर्ने</u>** : यस कार्यविधि बमोजिम स्थानान्तरण भएका शिक्षकहरू प्रचलित कानुनले तोकेको समयभित्र स्थानान्तरण भएको विद्यालयमा अनिवार्य हाजिर भइ कामकाज गर्नु पर्नेछ । यसरी तोकिएको समयमा हाजिर हुन नजाने शिक्षकलाई विद्यालयले हाजिर गराउन बाध्य हुने छैन ।

११. **<u>हाजिर गराई कामकाजमा लगाउनु पर्ने</u>** : दरबन्दी सहित वा यस कार्यविधि बमोजिम स्थानान्तरण भई आएका शिक्षकलाई विद्यालयले अनिवार्य रुपमा हाजिर गराई नियमानुसार कामकाजमा लगाउनु पर्ने छ।

१२. **<u>प्रधानाध्यापक जिम्मेवार हुने</u>** : यस कार्यविधि बमोजिम दरबन्दी पुनर्वितरण तथा शिक्षक व्यवस्थापनको कार्यबाट स्थानान्तरण भई आएका शिक्षकलाई विद्यालयमा हाजिर गराउने तथा स्थानान्तरण भई जाने शिक्षकलाई रमाना दिने जिम्मेवारी सम्वन्धित विद्यालयको प्रधानाध्यापकको हुनेछ।

१३. **<u>बाधा अडकाउ फुकाउ</u>** : यस कार्यविधिको बाधा अड्काउ फुकाउ गाउँ कार्यपालिकाले गर्नेछ।

आज्ञाले,
ईन्द्र बहादुर रावल
प्रमुख प्रशासकीय अधिकृत